जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २ २०८१ साल साउन २ गते बुधबार (17 July 2024 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : आव २०८०/८१ समीक्षा :... ३ पृष्ठमा : बैंकरलाई अर्थमन्त्रीको ढाडस-विश्वास ... ३ पृष्ठमा... प्रयोगको रेकर्ड उच्च...

# महादेवामा ८३ लाख २७ हजारमा खरीद गरिएका सामानको छैन् मौज्दात



**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

सप्तरीको महादेवा गाउँपालिकामा गत आर्थिक वर्ष २०७९/८० मा ३ करोड ७४ लाख ५ सय ८७ रुँपैया ६२ पैसा असुल गर्नुपर्ने अन्तिम लेखापरीक्षण प्रतिवेदनले देखाएको छ ।

सो प्रतिवेदनमा अनियमित भएको रकम १२ करोड ५५ लाख ७ हजार ५ सय १३ रुँपैया, प्रमाणका कागजात पेश नभएको रकम ३८ करोड १३ लाख ५ हजार ६ सय ७५ रुँपैया तथा पेश्की रकम २३ लाख रुँपैया असुल उपर गर्नु पर्ने उल्लेख गरिएको छ ।

यस्तै बेरुजु रकम ३२ करोड ४४ लाख १ हजार ७ सय ९३ रुँपैया ६२ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ ।

सोही वर्ष पालिकाको ६ वटै वडामा कार्यालय सामानमा ८३ लाख २७ हजार रकम खर्च अनुपयुक्त देखिएको प्रतिवेदनले जनाएको छ । उक्त प्रतिवेदनमा सो वर्ष मसलन्द तथा कार्यालय शीर्षकबाट ८३ लाख ३२ हजार र प्रिन्टर, कम्प्युटर, ल्यापटप मर्मत तथा ल्यापटप खरीद, संचार महसुल, अन्य कार्यालय संचालन खर्च शर्षिकबाट ९ लाख ८४ हजार २ सय ३० रुँपैयामा खरीद भएका मसलन्द तथा कार्यालय सामान प्रयोग र मौज्दातको सम्बन्धमा यकीन हुन नसकेको जनाइएको छ ।

यस्तै पालिकाले गजेन्द्र नारायण सिंह अस्पताललाई कर्मचारीको लागि तलब भत्ता वापत ५ लाख ७० हजार भुक्तानी गरेको भन्दै उक्त भुक्तानी कार्यालयले आफ्नो क्षेत्र भन्दा बाहिरको निकायलाई अनुदान दिने कानुनी व्यवस्था नभएको प्रतिवेदनमा उल्लेख छ । सोही प्रतिवेदनमा कुन कर्मचारीको कति तलब भुक्तानी भएको र निजहरुको नियुक्ति सम्बन्धमा समेत यकिन नभएको उल्लेख छ ।

सोही प्रतिवेदनमा गाउँपालिकाले उपभोक्ताबाट सडक निर्माणको काम गराउँदा विशिष्टीकृत नर्म्सको दर भन्दा बढी दर कायम गरी १७ लाख ८५ हजार २ सय ४ रुँपैया बढी भुक्तानी

***बाँकी अन्तिम पृष्ठमा***

## सुर्तीजन्य पदार्थको सेवन नगरौं।

सुर्तीजन्य पदार्थको सेवनलेः
- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १६ वर्ष देखी संचालन हुदै आएको**

## ओभरसियरी क्याम्पस

( CTEVT बाट मान्यता प्राप्त )

## डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## CTEVT बाट मान्यता प्राप्त जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

**आजै सम्पर्क गर्नुहोस्**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### आर्थिक संकटबारे तीनै तहका सरकार गम्भिर हुनु आवश्यक

कुनै पनि व्यापार, व्यवसायलाई अगाडी बढाउन पुँजीको अभाव हुन्छ। तर अहिले देशको अर्थतन्त्र चौपट रहेको बेला र बैंक तथा बित्तिय संस्थाहरुले ऋण प्रवाह नगरिरहेको समयमा सम्पूर्ण ब्यापार, व्यवसायी धरासय बन्दै गएको हो। ब्यापारीहरु झनै ऋणमा डुब्दै गएका छन्। ऋण प्रवाह नहुँदा त्यसको प्रत्यक्ष मार आम जनतामा समेत परेको छ।

यता बैंकले ऋण प्रवाह नगरेर उल्टै ब्याज दर समेत बढाउँदै गएको छ। यसले ऋणीहरु चर्को ब्याज तिर्न बाध्य भएका छन्। सरकारले आमजनताको मर्कालाई आत्मसाथ गर्न नसक्दा आर्थिक मन्दी कारणले कतिपयको घर, ब्यापार समेत बिक्रि गर्नु पर्ने अवस्था उत्पन्न भएको छ। यस्तो अवस्थामा सबैभन्दा पहिले सरकारले आमजनतालाई बाच्न पाउने स्थिर वातावरण बनाउन अग्रसरता देखाउनु जरुरी छ। जनता आत्मनिर्भर भए मात्र देश समृद्ध हुन सक्छ भन्ने कुरालाई सरकारले बुझ्नु जरुरी छ। यस्तो अवस्थाप्रति सरकारले गम्भिरतापूर्वक अग्रसर हुनु जरुरी छ।

तसर्थ जनता समृद्ध भए देश समृद्ध हुने र अर्थतन्त्र पनि बलियो हुनुका साथै राजश्वमा बृद्धि हुने कुरामा सबैले मनन् गरि यस्तो अवस्थाबाट उकास्न सबै भन्दा बढी संघीय सरकारका साथै प्रदेश र स्थानीय सरकार समेतले गम्भिर हुनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आव २०८०/८१ समीक्षा : आय ७४ र व्यय ८० प्रतिशत

काठमाडौँ, १ साउन (रासस)।

गत आर्थिक वर्ष २०८०/८१ मा सरकारको आय व्यय निर्धारित वार्षिक लक्ष्यको तुलनामा निकै कम देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार गत आर्थिक वर्ष कूल लक्ष्यको ७४ दशमलव २९ प्रतिशत राजस्व असुली भएको छ भने ८० दशमलव ४४ प्रतिशत बजेट खर्च भएको छ।

गत आर्थिक वर्षका लागि सरकारले कूल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। असार मसान्तसम्ममा कूल रु १४ खर्ब आठ अर्ब ७६ करोड ४५ लाख बराबर मात्रै खर्च भएको छ। चालु शीर्षकमा गत आर्थिक वर्षका लागि रु ११ खर्ब ४१ अर्ब ७८ लाख ४१ हजार बराबर बजेट विनियोजन भएकोमा लक्ष्यको ८३ दशमलव ४१ प्रतिशत अर्थात् रु नौ खर्ब ५२ अर्ब ४१ करोड ५१ लाख बराबर खर्च भएको छ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख विनियोजन भएकोमा लक्ष्यको ६३ दशमलव ४७ प्रतिशत अर्थात् रु एक खर्ब ९१ अर्ब ७१ करोड ७८ लाख बराबर मात्रै खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकको बजेट खर्च ८६ दशमलव ०७ प्रतिशत छ। गत आर्थिक वर्षका लागि वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकोमा रु दुई खर्ब ६४ अर्ब ६३ करोड १६ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

सरकारले गत आर्थिक वर्षका लागि कूल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो। तर वार्षिक लक्ष्यको ७४ दशमलव २९ प्रतिशत अर्थात् रु १० खर्ब ९३ अर्ब ९७ करोड ५९ लाख बराबर मात्रै राजस्व असुली भएको छ। सङ्कलित राजस्वमध्ये कर राजस्व लक्ष्यको ७२ दशमलव ३५ र गैरकर राजस्व लक्ष्यको ९७ दशमलव ६८ प्रतिशत बराबर असुली भएको छ।

गत आर्थिक वर्षका लागि सरकारले रु १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख बराबर कर राजस्व उठाउने लक्ष्य राखेकोमा रु नौ खर्ब ४४ अर्ब ५५ लाख ४८ हजार बराबर मात्रै असुली भएको छ। त्यस्तै, गैरकरतर्फ रु एक खर्ब १७ अर्ब छ करोड २१ लाख उठाउने लक्ष्य राखिएकोमा रु एक खर्ब १४ अर्ब ३४ करोड १६ लाख बराबर मात्रै असुली भएको छ।

गत आर्थिक वर्षमा वैदेशिक अनुदानतर्फ सरकारी लक्ष्यको तुलनामा वास्तविक प्राप्ति निकै कम छ। गत आवमा कूल रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले २२ दशमलव ४८ प्रतिशत अर्थात् रु ११ अर्ब २२ करोड ६४ लाख बराबर मात्रै अनुदान लिन सकेको देखिएको हो।

**दुई पटक संशोधन गर्दासमेत लक्ष्य भेटिएन**

आयव्यय अनुमान दुई पटक संशोधन गर्दा पनि सरकारले लक्ष्य भेटाउन सकेन। सरकारले पहिलो पटक अर्धवार्षिक समीक्षामार्फत् र दोस्रोपटक गत आर्थिक वर्षको बजेट ल्याउँदा आयव्यय अनुमान संशोधन गरेको थियो। गत जेठ १५ गते निवर्तमान अर्थमन्त्री वर्षमान पुनले सरकारी आयव्यवको अनुमान दोस्रोपटक संशोधन गर्दै रु १५ खर्ब ३० अर्ब ३५ करोड अर्थात् विनियोजनको ८७ दशमलव चार प्रतिशत हुने गरी संशोधित अनुमान प्रस्तुत गर्नुभएको थियो।

कूल सरकारी खर्चमध्ये चालु खर्च रु १० खर्ब ६७ अर्ब ४९ करोड अर्थात् विनियोजनको ९३ दशमलव पाँच प्रतिशत, पुँजीगततर्फ रु दुई खर्ब १५ अर्ब ३० करोड अर्थात् यो शीर्षकमा विनियोजनको ७१ दशमलव तीन प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब ४७ अर्ब ५५ करोड अर्थात् विनियोजनको ८० दशमलव पाँच प्रतिशत खर्च हुने गरी संशोधित अनुमान गरिएको थियो।

त्यस्तै, दोस्रोपटक संशोधनपछि गत आर्थिक वर्षमा रु १२ खर्ब ५३ अर्ब बराबर राजस्व उठाउने लक्ष्य सरकारले तय गरेको थियो। त्यसअघि सरकारले गत आर्थिक वर्ष २०८०/८१ को बजेटको अर्धवार्षिक समीक्षा गर्दै गत माघमा पहिलो पटक राजस्व र खर्चको अनुमान घटाएको थियो।

गत आर्थिक वर्षका लागि सरकारले रू १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएकोमा अर्धवार्षिक समीक्षामार्फत् सुरू विनियोजनको ८७ दशमलव ३८ प्रतिशत अर्थात् रू १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख खर्च हुने संशोधित अनुमान गरिएको थियो।

अर्धवार्षिक समीक्षामार्फत् सुरुवाती विनियोजनको तुलनामा चालु शीर्षकमा ८८ दशमलव ८४, पुँजीगत शीर्षकमा ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकमा ८७ दशमलव ३९ प्रतिशत खर्च हुने गरी पहिलोपटक संशोधित अनुमान गरिएको थियो।

अर्धवार्षिक समीक्षामार्फत् आयव्ययको अनुमान घटाएर चालुतर्फ रू १० खर्ब सात अर्ब ४५ करोड ४६ लाख अर्थात् सुरुवाती विनियोजनको ८८ दशमलव २४ प्रतिशत, पुँजीगततर्फ रु दुई खर्ब ५४ अर्ब १३ करोड १९ लाख अर्थात सुरुवाती विनियोजनको ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू दुई खर्ब ६८ अर्ब ६७ करोड ९७ लाख अर्थात सुरुवाती विनियोजनको ८७ दशमलव ३९ प्रतिशत खर्च हुने अनुमान गरिएको थियो।

बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : रुपनी गाउँपालिका, सप्तरी

बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : महादेवा गाउँपालिका, सप्तरी

# बैंकरलाई अर्थमन्त्रीको ढाडस-विश्वास बोकेर फर्किनुस्, सरकार तपाईंहरूसँगै छ

काठमाडौं, १ साउन (रासस)।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजनीतिक अस्थिरताका कारण मुलुकको अर्थतन्त्रमा समस्या देखिएकाले स्थिर सरकार बनेसँगै समस्या समाधान हुँदै जाने बताउनुभएको छ। मंगलबार सिंहदबारस्थित अर्थमन्त्रालयमा नेपाल बैंकर्स सङ्घका पदाधिकारीसँगको भेटमा उहाँले हरेक क्षेत्रका समस्या समाधानका लागि सरकारले दृढताका साथ काम गर्ने बताउनुभएको हो।

अर्थमन्त्री पौडेलले स्थिर सरकार बनेकाले अब सम्पूर्ण ध्यान देशमा रहेका समस्या समाधानमा केन्द्रीत हुने भन्नुहुँदै सोहीअनुसार बजारमा सकारात्मक सन्देश सम्प्रेषण गरिदिन बैंकरहरूसँग आग्रह गर्नुभयो। "अर्थतन्त्र बिग्रनुमा विश्वव्यापी परिघटना र केही आन्तरिक कारण होलान् तर राजनीतिक अस्थिरता प्रमुख कारण हो। हाम्रो शासन प्रणालीअनुसार बन्नसक्ने सबैभन्दा स्थिर सरकार यहि हो", उहाँले भन्नुभयो, "यो बलियो र टिकाउ सरकार हो, यसले निकास दिन्छ भन्ने सोच राख्नुहोला। तपाईंहरू विश्वास बोकेर फर्किनुस्, सरकारसँगै छ।"

अहिलेको मुख्य चुनौती आममानिस र निजी क्षेत्रमा परेको निरासा चिर्नु रहेको अर्थमन्त्री पौडेलको भनाइ छ। "अहिलेको चुनौती मनोबल बढाउने नै हो। कसैले पनि व्यवसाय विस्तार गर्नेबारे सोचिरहेको छैनन्। ठूलो लगानी गर्नेभन्दा पनि कसरी चल्ने र साँवाब्याज कसरी तिर्ने भन्नेतर्फ धेरैको सोच छ", उहाँले भन्नुभयो, "यस्तो अवस्थामा सरकारले हरेक क्षेत्रको अभिभावकत्व ग्रहण गर्छ। अर्थतन्त्रका विभिन्न क्षेत्रमा देखिएका समस्या समाधानका लागि सँगै प्रयास गर्न र प्रत्येक समस्यामा सँगै बसेर छलफल गर्न तयार छु।" अर्थतन्त्र सुधारका लागि नीतिगत रूपमा गर्नुपर्ने हस्तक्षेपका लागि सरकारले आवश्यक कदम चाल्ने पनि उहाँले स्पष्ट पार्नुभयो।

बैंक तथा वित्तीय संस्थाले आगामी आर्थिक वर्षको मौद्रिक नीतिबाट केही सहज व्यवस्था अपेक्षा गरिरहेको अवस्थामा नेपाल राष्ट्र बैंकले सुझबुझपूर्ण तरिकाले मौद्रिक नीति ल्याउने विश्वास पनि अर्थमन्त्री पौडेलको छ। "राष्ट्र बैंक स्वायत्त संस्था हो, म उसको क्षेत्राधिकारमा हस्तक्षेप गर्न हुँदैन भन्ने विश्वास राख्छु तर राष्ट्र बैंकले तपाईंहरूका जायज माग सम्बोधन गर्नेछ भन्ने नै लाग्छ", उहाँको भनाइ थियो।

बैंक तथा वित्तीय संस्थाको ऋृण नतिर्ने भनेर विभिन्न अभियान चलाइनु गैरकानुनी क्रियाकलाप रहेको स्पष्ट पार्नुहुँदै अर्थमन्त्री पौडेलले बैंकका कर्मचारीको शान्ति सुरक्षाका लागि सरकार प्रतिबद्ध रहेको समेत बताउनुभयो। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) संशोधन गर्ने विधेयक प्रतिनिधिसभाबाट समितिमा दफावार छलफलका लागि गएको र त्यसलाई चाँडै विवादरहित कानुनका रूपमा ल्याइने उहाँले विश्वास दिलाउनुभयो।

अर्थमन्त्री पौडेलले निर्माण व्यवसायीले सरकारबाट भुक्तानी पाउन बाँकी रहेको भन्ने विषयमा पनि आफूले अध्ययन गरिरहेको र चाँडै नै आवश्यक निर्णय लिइने बताउनुभयो। निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानीबारे बाहिर एकथरी तथ्याङ्क प्रचार भएको र त्यसको वास्तविक तथ्याङ्क फरक रहेको पनि उहाँले उल्लेख गर्नुभयो। बैंक तथा वित्तीय संस्थाबाट कर्जा लगानी हुन नसक्नु र खराब कर्जा बढ्नु चिन्ताको विषय रहेको अर्थमन्त्री पौडेलले धारणा राख्नुभयो।

अर्थमन्त्रीसँगको भेटका क्रममा नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनिल केसीले अहिले बैंकिङ क्षेत्र अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहेको बताउनुहुँदै सरकारबाट समस्या समाधानका लागि उचित पहल हुनेमा आफूहरू आशावादी रहेको बताउनुभयो। "बैंकिङ क्षेत्र अप्ठ्यारोमा छ। केहीले सडकबाट ऋृण तिर्दिन भन्न थालेका छन्। बैंकको नाफा घटेर करिब आठ प्रतिशत हाराहारीमा खुम्चिएको छ। बाफिया विधेयकमा भएका व्यवस्थाले संस्थागत लगानीकर्ता पनि उत्साहित छैनन्", उहाँले भन्नुभयो, "खराब कर्जा बढेको छ। बैंक वित्तीय संस्थासँग करिब रु छ खर्ब बराबर तरलता छ तर लगानी गर्नसक्ने अवस्था छैन। बैंकको मनोबल निकै घटेको छ।" बैंकहरूले महँगो ब्याजदरमा निक्षेप उठाएर सस्तोदरमा राष्ट्र बैंकमा थुपार्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो।

निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने रकम भुक्तानी भएको अवस्थामा र विभिन्न क्षेत्रका दिइएको अनुदानको रकम सरकारले भुक्तानी गरेमा बैंकिङ क्षेत्रलाई सहज हुने उहाँले बताउनुभयो।

नेपाल बैंकर्स सङ्घका पूर्वअध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुङ्गानाले बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थापनमा समस्या देखिएको बताउनुभयो। पुँजी कोषसम्बन्धी व्यवस्थालाई सहज बनाउन जोखिमभार घटाउनुपर्ने र केही लचिलो बनाउनुपर्ने उहाँको सुझाव छ। बैंक हकप्रद शेयर जारी गर्नसक्ने अवस्थामा नरहेको पनि उहाँले उल्लेख गर्नुभयो। बाफिया विधेयकमा राखिएका व्यवस्था संशोधन नभईकनै पारित भएर आएमा त्यसले थप समस्या पर्ने उहाँले बताउनुभयो।

चार वर्षभित्र पूर्ण कर परीक्षण (फुल अडिट) गर्ने विद्यमान व्यवस्थालाई संशोधन गरेर हरेक वर्ष 'फुल अडिट' गर्नुपर्ने व्यवस्था ल्याइनुपर्ने, समयमा करारोपण हुनुपर्ने, राजस्व न्यायाधीकरण र सर्वोच्च अदालतमा रहेका मुद्दा फिर्ता लिन चाहेमा सरकारले त्यसका लागि केही छुटको व्यवस्था गर्नुपर्ने, विद्युतीय भुक्तानी गर्दा १० प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) फिर्ता गर्ने प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, धितोपत्र बोर्डको अध्यक्ष चाँडो नियुक्त गर्नुपर्ने, विभिन्न खालका विकास बण्ड तथा अन्तर्राष्ट्रिय बण्डलाई प्रोत्साहनको नीति लिनुपर्ने, आयकरको दर घटाउनुपर्नेलगायत सुझाव बैंकरहरूले दिएका छन्।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी



## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


## विश्व समाचार

### एक्स प्रयोगको रेकर्ड उच्च रहेको एलोन मस्कको दावी

वासिङ्टनडीसी (अमेरिका), १ साउन (रासस/एएनआई)।

टेक अरबपति तथा टेस्लाका सीईओ एलोन मस्कले मङ्गलबार आफ्नो सामाजिक सञ्जाल एक्स प्रयोगमा रेकर्ड उच्च' पुगेको दाबी गर्नु भएको छ।

एक्सले एकै दिनमा विश्वव्यापी रूपमा चार सय १७ अर्ब प्रयोगकर्ता-सेकेन्डको कुल अनुभव गरेको मस्कले बताउनुभएको छ। सामाजिक सञ्नाल एक्सको एक पोस्टमा, मस्कले एक्स प्रयोगले हिजो विश्वव्यापी रूपमा चार सय १७ बिलियन प्रयोगकर्ता-सेकेन्डको साथ अर्को रेकर्ड उच्च राखेको उल्लेख गर्नु भएको छ। उहाँका अनुसार संयुक्त राज्य अमेरिका मा, प्रयोगकर्ता एकै दिनमा ९३ बी ३२ यु सेकेन्ड पुग्यो जुन अघिल्लो रेकर्डभन्दा ७६बी एकै दिनमा बढी हो।

मार्चमा, एक्सडेटाले २५० मिलियन मानिसले हरेक दिन औसतमा ३० मिनेटका लागि एक्स प्रयोग गर्ने दाबी गरिएको थियो। पोष्टमा प्रत्येक महिना ५५० मिलियन मानिसले ग्लोबल टाउन स्क्वायर भ्रमण गर्छन् भने औसतमा, प्रयोगकर्ताले एक्समा दिनको ३० मिनेट खर्च गर्ने भनिएको छ। अक्टोबर २०२२ मा, मस्कले ४४ अर्ब अमेरिकी डलरको सम्झौतामा प्रभावशाली सामाजिक मिडिया प्लेटफर्म-ट्विटरको स्वामित्व लिनु भएको थियो।

पछिल्लो समयमा, मस्कले शीर्ष कार्यकारीलाई बर्खास्त गरी, कम्पनीका आधा कर्मचारी हटाएर, खाता पुनर्स्थापनाको समीक्षा गर्न सामग्री मोडरेशन काउन्सिल गठन गरी प्लेटफर्मको सदस्यता सेवालाई सुधार गर्नुभएको छ। टेस्ला र स्पेसएक्सका सीईओ एलोन मस्कले पदभार सम्हालेपछि कम्पनीमा धेरै परिवर्तन भएका छन्, जसमध्ये केही विवादास्पद समेत भएका छन्। विवादास्पद निर्णयसँगै, ट्विटरले विज्ञापन राजस्वको ठुलो मात्रा गुमाउन थाले पछि मस्कले ट्विटर ब्लूको रूपमा भुक्तान गरिएको प्रमाणिकरण सुरु गर्नुभयो।

मस्कले जुलाई २०२३ मा ट्विटरसँग सम्बन्धित प्रसिद्ध निलो चरालाई प्रतिस्थापन गर्दै गर्मीमा प्लेटफर्मलाई एक्सको रूपमा पुनःब्रान्ड गर्नुभयो। प्लेटफर्म संलग्नता बढाउन, मस्कले २०२४ मार्च -२८ मा दुई हजार पाँच सयभन्दा बढी प्रमाणित ग्राहक अनुयायी भएको एक्स खातालाई प्रिमियम सुविधाहरूमा निःशुल्क पहुँच प्रदान गर्ने घोषणा गर्नुभयो। जसबाट पाँच हजारभन्दा बढी अनुयायीले सीमित लागतमा प्रिमियम सुविधाको आनन्द लिनेछन्।

### अफगानिस्तानमा वर्षा र बाढीका कारण ४० जनाको मृत्यु

काबुल (अफगानीस्तान), १ साउन (रासस/सिन्ह्वा)।

पूर्वी अफगानिस्तानको नङ्गरहार प्रान्तमा भारी वर्षा र बाढीका कारण मृत्यु हुनेको सङ्ख्य ४० पुग्नुका साथै घाइतेको सङ्ख्या तीन सय ४७ पुगेको जनस्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ। स्वास्थ्य कार्यकर्तालाई घाइतेको उपचारका लागि प्रभावित क्षेत्रमा पठाइएको मन्त्रालयका प्रवक्ता सराफत जमान अमरखिलले बताउनुभयो। दुर्घटनामा हताहतको सङ्ख्या बढ्ने अनुमान गरिएको छ।

सोमबार दिउँसो अचानक आएको प्राकृतिक प्रकोपले प्रान्तीय राजधानी जलालाबाद, सुख रोड जिल्ला र पाकिस्तानको सिमानामा रहेको प्रान्तका छिमेकी क्षेत्रमा ठुलो मृत्यु र आर्थिक क्षति पुर्‍याएको छ। त्यसैगरी, सोमबार बिहान पूर्वी अफगानिस्तानको कुनार प्रान्तको अधिकांश भाग आकस्मिक बाढीले बगाउदा पाँच जनाको मृत्यु भएको छ। भारी वर्षा र बाढीले मेदेखि युद्धग्रस्त देशमा चार सयभन्दा बढीको ज्यान लिएको छ भने हजारौंलाई घरबार विहीन बनाएको छ।

### कश्मीरमा झडप हुँदा पाँच भारतीय सुरक्षाकर्मीको मृत्यु

श्रीनगर, १ साउन (रासस/एएफपी)।

भारत प्रशासित जम्मू-कश्मीरमा भएको झडपमा पाँच सुरक्षाकर्मी मारिएको एकजना प्रहरी अधिकारीले मङ्गलबार बताउनुभएको छ। सुरक्षा स्रोतका अनुसार आक्रमणकारीले आक्रमणमा रणनीतिक परिवर्तन ल्याएको बताएका छन्।

मुस्लिम बहुल कश्मीर सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै भारत र पाकिस्तानबीच विभाजित भएको छ र प्रत्येक पक्षले यसलाई पूर्ण रूपमा दावी गर्दछ।

विद्रोही समूहहरूले यस क्षेत्रको स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै सन् १९८९ देखि विद्रोह गर्दै आएका छन्।

यस घटनाले यस वर्ष विवादित हिमालय क्षेत्रको भारतीय पक्षमा मारिएका सैनिक र प्रहरीको सङ्ख्या १७ पुगेको छ।

भारतीय सेना सुरक्षा बलले सोमबार साँझ जम्मू क्षेत्रको राजधानी श्रीनगरबाट करिब एक सय ३५ किलोमिटर दक्षिणपूर्वमा रहेको डोडा जङ्गलमा अपरेसन सुरु गरेको बताएको छ।

"प्रारम्भिक गोली हानाहानका क्रममा घाइते भएका चार जना सैनिकको मृत्यु भएको थियो। घाइते भएका थप एकजना प्रहरी अधिकारी पनि पछि मृत्यु भयो। अन्य दुई सैनिकलाई अस्पतालमा भर्ना गरिएको छ", एक प्रहरी अधिकारीले बताएका छन्।

# पेट्रोलियम पदार्थको मुल्य बढ्यो

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

नेपाल आयल निगमले पेट्रोल तथा डिजेल र मट्टितेलको मूल्य बढाएको छ । निगमले आगामी साउन १ गते बिहान १ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर रु चार तथा डिजेल र मट्टितेलमा प्रतिलिटर रु तीनले वृद्धि गरेको हो ।

मूल्य बढेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा पेट्रोलको मूल्य प्रतिलिटर क्रमशः रु एक सय ६८ रुपैयाँ ५० पैसा, एक सय ७० र एक सय ७१ तथा डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर क्रमशः एक सय ५७ रुपैयाँ ५० पैसा, एक सय ५९ र एक सय ६० कायम भएको छ ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दीपायल रहेका छन् ।

इण्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ ४८ पैसा र डिजेलमा दुई रुपैयाँ ८३ पैसाले बढेर आएकाले स्थानीय बजारमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गरिएको निगमले जनाएको छ । डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलिम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुने निगमले जनाएको छ ।

# धनुषा जिल्ला अदालतमा स्वचालित पेसी प्रणाली

महेन्द्रनगर (धनुषा), १ साउन ।

धनुषा जिल्ला अदालतले मंगलबारदेखि स्वचालित पेसी प्रणाली लागू गरेको छ ।

अदालतले जनकपुरधाममा मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा शीघ्र न्याय सम्पादनका कार्य पूरा गर्न स्वचालित पेसी प्रणाली लागू गरिएको न्यायाधीश चुडामान खड्काले बताउनुभयो । यसअघि, सर्वोच्च तथा उच्च अदालतमा स्वचालित पेसी प्रणाली लागू भइसकेको छ । साथै मंगलबारदेखि पारिवारिक इजलास सञ्चालन भएको उहाँले बताउनुभयो ।

अदालतले पुराना मुद्दा चालु आर्थिक वर्षभित्रमा फछ्र्यौट गरेर अर्को आर्थिक वर्षमा त्यसलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । धनुषा जिल्ला अदालतमा आव २०८०/८१ मा जिम्मेवारी सरेर आएकामध्ये तीन हजार एक सय ८४ र नयाँ दर्ता भएकामध्ये एक हजार नौ सय ९१ मुद्दा फछ्र्यौट भएका छन् ।

जिल्ला अदालतमा सबैभन्दा बढी देवानी मुद्दाअन्तर्गत लेनदेन मुद्दा फछ्र्यौट गर्न बाँकी छ । लेनदेन मुद्दाको सङ्ख्या एक हजार आठ सय २७, अंश मुद्दा एक हजार ९९ र बैङ्किङ कसुरसम्बन्धी एक सय १० मुद्दा परेका छन् ।

### *महादेवामा ८३ ...*

गरेको भन्दै उक्त रकम असुल गर्नुपर्ने जनाएको छ । सार्वजनिक खरीद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था रहेको जनाउँदै पालिकाले निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सम्बन्धीत निर्माण कार्यका लागि नेपाल सरकारको विशिष्टीकृत निकायले तयार गरेको नर्म्सको प्रयोग नगरेको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै सोही प्रतिवेदनमा विभिन्न पत्रिकाहरुमा सिलबन्दी दरभाउ पत्र तथा अन्य सूचना प्रकाशनमा ८ लाख ७३ हजार पालिकाले भुक्तानी गरेको उल्लेख गरिएको छ । सो भुक्तानी पत्रिकामा ओगटने क्षेत्रफल (साइज) नखुलाई सूचना दिने गरेको र पत्रिकाहरुले आफूखुशी १ पेज सम्मको सूचना प्रकाशित, आफूखुशी अनावश्यक ठूलो साइजमा सूचना प्रकाशन गरेकोले सूचना प्रकाशनको बिलमा पेश गरेको दर कुन नर्म्सको आधारमा राखेको सो को नर्म्स पनि पेश नभएको भन्दै उक्त रकम सैद्धान्तिक बेरुजु भएको प्रतिवेदनमा उल्लेख छ ।

# देशको अवस्था परिवर्तन अहिलेको मुख्य प्राथमिकता: प्रधानमन्त्री ओली

काठमाडौँ, १ साउन (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार परिवर्तन सामान्य घटना भएकाले देशको अवस्था परिवर्तन अहिलेको मुख्य प्राथमिकता भएको बताउनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) सिन्धुपाल्चोक जिल्ला कमिटीले मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा प्रधानमन्त्री ओलीले नयाँ सरकार बनेसँगै नेपाली जनता उत्साहित भएका बताउनुभयो । "सरकार परिवर्तन हुनु ठूलो कुरा होइन, सरकार समय-समयमा परिवर्तन भइरहन्छ । अहिलेको परिवर्तनले नागरिकमा नयाँ आशा र भरोसा जगाएको छ", उहाँले भन्नुभयो । सरकारले भ्रष्टाचार नियन्त्रण, विकास निर्माण र जनतालाई राहत दिने कुरामा आफ्नो ध्यान केन्द्रित गर्ने उहाँको भनाइ थियो ।

उहाँले मुलुकको विकास, सुशासन कायम गर्दै आमजनताको हित हुने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसअघि पनि आफू प्रधानमन्त्री हुँदा इमान्दारीका साथ काम गरेको उल्लेख गर्दै एमाले अध्यक्ष ओलीले यसपटक पनि जनतालाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

प्रधानमन्त्री ओलीले मनसुनका कारण मुलुकका केही स्थानमा बाढीपहिरोबाट सडक, पुल भत्केका र जनधनको क्षति भएको वास्तविकता सुनाउँदै देशको भौगोलिक स्थितिले पनि यस्ता विपद्बाट जोगिन कठिनाइ भएको बताउनुभयो । मन्त्रिपरिषद्को पहिलो बैठकले पनि दैवीविपत्ति जोखिम न्यूनीकरणलाई पहिलो प्राथमिकतामा राखेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले बाढीपहिरोबाट प्रभावित क्षेत्रमा उद्धार, राहत र पुनःस्थापनाका सम्बन्धमा गृहमन्त्रीले पनि प्राथमिकतामा साथ काम गरिरहेको उल्लेख गर्नुभयो । उहाँले जाजरकोट भूकम्पपीडितको आवास निर्माणका लागि किस्ता रकम उपलब्ध गराउन पनि सरकार सकारात्मक रहेको बताउनुभयो ।

ओलीले एक वर्षभित्र कुनै पनि बालबालिका कुनै पनि कारणले सडकमा अलपत्र पर्ने अवस्था आउन नदिने उल्लेख गर्दै भन्नुभयो, "बालबालिका भविष्यका कर्णधार हुन् तिनलाई फस्टाउन दिनुपर्छ ।" प्रधानमन्त्रीले कीर्तिपुरस्थित क्रिकेट रङ्गशालामा तीन सय दिनभित्र प्यारापिट र फ्लड लाइटको व्यवस्था गरिने बताउनुभयो ।


जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

कंचनरुप नगरपालिका, सप्तरी



# जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : सप्तकोशी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*